म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १७४ सोमबार, २१ माघ २०८१ ने. सं. ११४५ सिल्लाथ्व 3 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चौतारीमा शशी



हेटौंडा, २० माघ/ प्रेस चौतारी नेपाल मकवानपुरको नबौ अधिवेशनले सरिता दाहाल 'शशी' लाई अध्यक्ष चयन गरेको छ । लामो समयदेखि मकवानपुरको पत्रकारितामा क्रियाशील पत्रकारी शशीलाई अधिवेशनले अध्यक्ष पदमा सर्वसम्मत चयन गरिएको हो । पत्रकार दाहाल सहीखवर डटकमकी सम्पादक हुन् । अधिबेशनले उपाध्यक्षमा पुरुषतर्फ शिव 'बियोगी' चौलागाईं र महिलातर्फ प्रतिक्षा न्यौपाने चयन गरेको छ । सचिवमा नविन तिमल्सिना, सह-सचिवमा सुमन दाहाल, समावेशी सह-सचिवमा मनिल महतो र कोषाध्यक्षमा अशोक बजागाईं चयन भएका छन् । सदस्यहरुमा सानुमाया गुरुङ (निशा), सरोज पौडेल, संजीव सुनार, रामकुमार दानी, सुरेश गुरुङ र स्मिता अर्याल चयन भएका छन् ।

### अन्तर प्रदेश जोड्ने सडक निमार्णमा चासो

# सिन्धुली र सर्लाही जोड्न बागमती र मधेश सरकारको सहकार्य

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/संघ र प्रदेशबीचको सहकार्य दिगो, प्रभावकारी र शसक्त नभएको भन्दै संघीयतामाथि नै प्रश्न उठाइदै आएको बेला अन्तरप्रदेश समन्वयलाई मजबुत बनाउन प्रयास भएको छ । अन्तरप्रदेश व्यापार व्यवसाय प्रवर्द्धन गर्न राजमार्ग निर्माणकार्यले विशेष भूमिका निर्वाह गर्छ ।



भौतिक निर्माणको सवालसँगै सामाजिक विकासमा पनि ध्यान दिनु जरुरी रहेको सवाल उठाउन थालिएको छ भने अर्कोतिर भौतिक निर्माण नै नहुँदा विकासको अन्य पाटाहरु ओझेलमा परिरहेका छन् । विकासको लागि पनि सबैभन्दा पहिलो मेरुदण्ड कै रुपमा सडकलाई लिने गरिएको छ । विकास निर्माणका विषयमा सीमाक्षेत्र सबैभन्दा जटिल बनिरहेको हुन्छ । सीमाक्षेत्रका स्थानीय तह र प्रदेश सरकारबीच समन्वय हुन नसक्दा नागरिक्ले कष्ट भोग्न बाध्य छन् । यही समस्याको शिकार बनेका छन्, बागमती प्रदेशको हरिहरपुरगढी र मरिन गाउँपालिका ।

बागमती प्रदेशको सिन्धुली र मधेश प्रदेशको सर्लाही जोड्ने सडक निर्माण नहुँदा यो क्षेत्रका नागरिक अझै पनि समस्या भोग्न बाध्य छन् । सडकको ट्र्याक छ तर, यात्राको लागि भरपर्दो छैन । दुरीको हिसाबले सर्लाहीको हरिवनबाट १० किलोमिटर उत्तरतर्फ रहेको धिमिले, १३ किलोमिटर दुरीमा रहेको क्यानेश्वर क्षेत्र अत्यन्त विकट देखिन्छ । क्यान खोलामा पक्की पुल छ तर, उत्तर तर्फ रहेको मदन भण्डारी राजमार्गबाट त्यहाँसम्मको पहुँचमार्ग निकै जीर्ण छ । सडक पूर्वाधार उचित नहुँदा चुरे पहाडको फेदीमा रहेको क्यानेश्वर र सीमाको गाउँ धिमिलेका नागरिकले बिरामी पर्दा एम्बुलेन्स सेवासमेत पाउँदैनन् ।

कोही कसैलाई समस्या परिहाल्यो भने खहरेको बाटो हुँदै मरिनबाट हेटौंडा वा धिमिलेबाट हरिवन पुऱ्याउनु पर्छ । क्यानेश्वरमा रहेको स्वास्थ्यचौकीले थेग्न सके जीवनरक्षा हुन्छ, अन्यथा भगवान् भरोसामा बस्नुको विकल्प छैन । सडक सञ्जाल सशक्त भएपछि स्थानीय उतपादनले बजार पाउने, शिक्षा, स्वास्थ्य, पर्यटन लगायतको विकासमा सडकले टेवा दिन्छ । यसैले पनि सडक सञ्जालको विकास विशेष प्राथमिकतामा पर्ने गरेको स्थानीय तहका जनप्रतिनिधि दाबी गर्छन् । स्थानयि क्षेत्रको विकासमा त सहजै समस्या सुल्झल्छन्, अन्तर प्रदेशको सीमानामा विकासको लागि एकअर्कोको बाटो हेर्दै समय वित्ने गरेको छ ।

बागमती प्रदेश सरकार र मधेश प्रदेश सरकारले हरिवन-क्यानेश्वर सडक निर्माणमा तदारुकता देखाएका छन् । संविधानको व्यवस्था अनुसार विकास निर्माणमा समन्वय र सहकार्य गर्ने गरी दुई प्रदेश सरकारले अग्रसरता देखाएका हुन् । पूर्वपश्चिम राजमार्गको हरिवनबाट मदनभण्डारी राजमार्गको मरिन जोड्ने गरी करिब ३० किलोमिटर सडक निर्माणमा दुई प्रदेश सरकार सहकार्य गर्न तयार देखिएका छन् । अन्तरप्रदेश मात्रै हैन यो सडक नेपालको छिमेकी राष्ट्र चीन र भारतलाई जोड्ने छोटो मार्गको रुपमा विकास गर्न सकिने गरी सम्भाव्यता अध्ययनको थालनी गर्न दुई प्रदेश सरकार अघि बढेका छन् ।

बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्ले र मधेश प्रदेशका अर्थमन्त्री सुनिल यादवले यो सडकको स्थलगत अवलोकन गरेका छन् । आगामी आर्थिक वर्षमा बजेट व्यवस्था गर्ने गरी हरिवन-मरिन जोड्ने सडक निर्माण तथा स्तरोन्नतिको काम गर्ने उनीहरुको भनाई छ । दुबै प्रदेशका मन्त्रीले संयुक्तरुपमा सडकको अवलोकन गर्दै मधेश प्रदेशको पूर्वपश्चिम राजमार्ग र बागमती प्रदेशको मदन भण्डारी राजमार्गलाई जोड्ने सडक सञ्जाल विस्तारको आवश्यक छलफल तथा सहकार्यसहित सम्झौता गर्ने मन्त्रीद्वय काफ्ले र यादवले बताए ।

मन्त्री काफ्लेका अनुसार सर्लाहीको विष्णु गाउँपालिका हुँदै हरिवनदेखि धिमिले क्यानेश्वरबाट सिन्धुलीको मरिन गाउँपालिकासम्म जोड्ने सडकलाई व्यवस्थित र स्तरोन्नतिको तयारी भएको हो । दुवै प्रदेशलाई जोड्ने छोटो दुरीको सडक सञ्जाल विस्तारको काम अघि बढाउने उनले बताए । यो विषयमा दुई सरकारबीच औपचारिक रुपमा छलफल गरेर अघि बढ्ने गरी भौगोलिक अवस्थितिको अवलोकन गरिएको उनको भनाई छ । उनले यो सडकखण्डलाई विस्तार गर्न सके बागमती प्रदेश हुँदै भारत र चीनलाई समेत जोड्न सकिने अवस्था देखिएको बताए ।

'मधेश प्रदेशको सर्लाहीको हरिवनदेखि बागमती प्रदेशको सिन्धुलीको मरिनसम्म करिब ३० किलोमिटर सडकलाई स्तरोन्नति गरेर जोड्न सकिने देखियो,' उनले भने, 'हरिवनबाट धिमिले हुँदै क्यानेश्वरसम्म १३ किलोमिटर र क्यानेश्वरदेखि मरिनसम्म १७ किलोमिटर सडक स्तरोन्नति गर्नुपर्ने हुन्छ । दुवै प्रदेशले आफ्नो क्षेत्रमा पर्ने सडकलाई आवश्यक बजेट छुट्याएर काम थाल्ने तयारी रहेको छ । आयोजनालाई बहुवर्षीय योजनाअन्तर्गत काम गर्न थाल्यौं भने दुबै प्रदेशका जनताले लाभ लिन अवस्था रहेको छ ।'

मन्त्री काफ्लेले सिन्धुलीको मरिनदेखि काभ्रेको नेपालथोक दुम्जा (बीपी राजमार्ग) वा बागमती गाउँपालिकाको झुरझुरेबाट काभ्रेको खानीखोला-तालढुंगा (जनयुद्ध मार्ग) सम्म यो सडकलाई विस्तार गर्न सकिने अवस्था रहेको बताए । यो सडक निर्माण गर्न सकेको खण्डमा काठमाडौंबाट छोटो दुरीमा मधेशको राजधानी जनकपुरसँग जोड्नने किबल्प हुने उनको भनाई छ । मधेश प्रदेशका अर्थमन्त्री यादवले मधेशलाई बागमतीका पहाडीक्षेत्रसँग जोड्न यो सडकखण्ड आवश्यक रहेको बताए ।

हरिवनदेखि सिन्धुलीको मरिनसम्मको सडकलाई विस्तार गर्नसके मधेशको उत्पादन पहाड र पहाडको उत्पादन तराईसम्म पुऱ्याउन सहज हुने उनको भनाई छ । यो बाटोले मधेश र बागमतीलाई जोड्ने मात्र नभई यस क्षेत्रका स्थानीयको आर्थिक उन्नतिमा समेत टेवापुग्ने देखिएकाले दुवै प्रदेशले प्राथमिकतामा राखेर निर्माण गर्न सहमति भएका उनले बताए । 'आउने बजेटमा दुवै प्रदेशले बाटोको लागि प्राथमिकताका साथ बजेट विनियोजन गर्ने तयारी भएको छ,' उनले भने । यो सडक निर्माण भएपछि यस क्षेत्रको स्थानीय उत्पादनले बजार पाउनेछन् ।

# आज देशभर सरस्वती पूजा र अक्षरारम्भ गरिँदै



साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/आज सोमबार साना बाबुनानीहरुका निम्ति अक्षरारम्भ गर्ने दिन हो । सरस्वतीपूजा, श्रीपञ्चमी वा वसन्त पञ्चमी जे भनिए पनि आज विद्या र संगीतकी प्रतिरुप सरस्वतीको पूजाआराधना गरी मनाईदैछ ।

हेटौंडाका सबै संस्थागत विद्यालयले आफ्ना अभिभावकलाई विद्यालयमा सरस्वती पूजामा प्रसाद ग्रहण गर्न निम्ता दिने र ३ वर्ष उमेर पुगेका साना नानीबाबुलाई अक्षरारम्भका लागि भर्ना गर्न सूचना जारी गरेका छन् । सामुदायिक विद्यालयमा पनि सरस्वती पूजाको दिन ३ वर्ष पुगेका नानीबाबुलाई विद्यालयमा भर्ना गराउन सूचना जारी गरेको पाइन्छ । नेपालभरिका सरस्वती मन्दिर, विद्याका केन्द्र विद्यालय, कलेजमा विद्यार्थीको जमघट रहन्छ । माघ शुक्लपञ्चमी अर्थात श्रीपञ्चमीमा मकवानपुरका हरेक शैक्षिक संस्थाले विद्यार्थी भर्ना गर्ने सूचना जारी गरेका छन् ।

हिन्दू धर्मावलम्बीले यसदिन विद्याकी देवी सरस्वतीको निष्ठापूर्वक पूजा-आराधना गरी मनाउँदैछन् । सूर्य उत्तरतिर लागि दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ आजको दिनलाई 'वसन्त पञ्चमी' भनिन्छ । विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आ-आफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रुपमा पूजा-आराधना गर्छन् । सरस्वतीलाई तान्त्रिकहरुले तन्त्रसिद्धिका लागि तारादेवीका रुपमा पनि मान्दछन् ।

भारती, सरस्वती, शारदा, जगत्माता, वागीश्वरी, कौमारी, वरदायिनी, कामधेनु आदि हजारौं नाम भएकी देवीको 'सरस्वती कवच'को मन्त्रबाट व्यास, वाल्मीकि, याज्ञवल्क्य, कणवाद, पाणिनी आदिदेखि शंकराचार्य र सन्त तुलसीदाससम्मले आजकै दिन सिद्धि प्राप्त गरेको किम्बदन्ती छ । मकवानपुरको बकैया गाउँपालिका-४, स्थित महेन्द्र माध्यमिक विद्यालयले सरस्वती पूजाका दिन अक्षरारम्भ कार्यक्रममा बालबालिकालाई सहभागी गराउने उद्देश्यले घरदैलो कार्यक्रम संचालन गरेको छ । सरस्वतीलाई विद्या र बुद्धिकी ज्ञाता मानिन्छ जसको कारण आजको दिन विद्यालय नपठाएका साना बालबालिकालाई अक्षरारम्भ गराउने चलन छ ।

सरस्वतीको पूजाको दिन अक्षरारम्भ गरिए विद्या आउने विश्वास रही आएको छ । सोही विश्वासका साथ बिहानैदेखि देशभरका सरस्वती मन्दिरमा श्रद्धालुहरुको घुइँचो लाग्ने गरेको छ । नेपालका सरकारी विद्यालयमा कहीं कतै सानो या ठुलो सरस्वतीको मन्दिर हुन्छ नै । सरस्वती देवीलाई हिन्दु धर्म या संस्कारसँग भन्दा पनि विद्याप्रतिको आशक्तिका रुपमा हेर्ने गरिन्छ । जुनसुकै धर्ममा विश्वास राख्ने भए पनि विद्यासँगको नाता र ज्ञानको परिपूर्तिका रुपमा विद्यादेवी सरस्वतीलाई लिने गरिन्छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## ईहि यज्ञमा ७२ कन्या सहभागी



साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ हेटौंडामा सामूहिक बेलविवाह सुरु भएको छ । हेटौंडा-१०, बसपार्कस्थित सामूहिक बेलविवाहका लागि गुठीले व्यवस्थापन गरेको सार्वजनिक स्टलमा आज आइतबार र भोलि सोमबार दुईदिन हुने बेलबिवाहमा ७२ कन्या सहभागी छन् ।

ईहि यज्ञ (सुवर्ण कुमार बेल विवाह) गुठी हेटौंडाको आयोजनामा २०२९ सालदेखि सामूहिक बेलविवाहको कार्य हुँदै आएको छ । मौलिक परम्परा र संस्कारअनुसार ईहि यज्ञका लागि गुरु, गुरुआमा व्यवस्थापन गर्न सहयोग पुग्ने उद्देश्यले गुठीले सामूहिक बेलविवाहको प्रचलन सुरु गरेको हो । इहि यज्ञ सुवर्णकुमार वेल विवाह गुठी हेटौंडाको आयोजनामा ५३ औं सुवर्णकुमार वेल विवाह भएको हो ।

हेटौंडा १० निवासी शंकरलाल श्रेष्ठको निवासमा गरिएको गुठीमा २० सदस्य छन् । कार्यक्रमको आलोपालो प्रणालीअनुरुप चलिरहेको बताइएको छ । २०४२ सालतिर पूर्वमा विराटनगर र पश्चिममा धनगढी, वीरजञ्जसम्मका नेवारी समूदायका कन्याको सयौं संख्यामा सहभागिता रहने गरेको थियो ।

कार्यक्रममा नेवार जातिकै ब्राह्मण, ब्राह्मणी, कर्माचार्य, जोशी, सेवाचार्य, प्रजापति र नापित गरी ७ जातीय पूजारीद्वारा पूजा गरिने प्रचलन रहेको श्रेष्ठले बताए । कार्यक्रममा गुठीका अध्यक्ष हरिषचन्द्र श्रेष्ठ, भुवनलाल श्रेष्ठ, शर्मिला श्रेष्ठ, सुवर्णलाल श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

# रेडियो मकवानपुरद्वारा अमर माविलाई सेनेटरी प्याड

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ हेटौंडा-१ चाइनाक्वाटरमा रहेको अमर माध्यमिक विद्यालयलाई रेडियो मकवानपुरले सेनेटरी प्याड सहयोग हस्तान्तरण गरेको छ । रेडियो मकवानपुरको १५ औं वार्षिकोत्सवको अवसरमा आइतबार एक कार्यक्रमबीच विद्यालयलाई सेनेटरी प्याड सहयोग गरिएको हो ।

रेडियो मकवानपुरको वार्षिकोत्सव एवम् रेडियोको सञ्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारीको २७ औं स्थापना दिवसको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तर्गत अमर माविलाई सेनेटरी प्याड हस्तान्तरण गरिएको हो । रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरप्रवक्ता एवम् १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यता रहेको थियो ।



महिला प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्ष महिला नै भएको विद्यालयका छात्राको सहजताका लागि सेनेटरी प्याड सहयोग गरिएको रेडियोका अध्यक्ष पराजुलीले बताए । 'हामीले रेडियोको वार्षिकोत्सवअन्तर्गत माघ १६ गतेदेखि सप्ताहव्यापी कार्यक्रमको आयोजना गरिरहेका छौं', उनले भने, 'महिला प्रधानाध्यापक र अध्यक्ष रहेको विद्यालयमा सेनेटरी प्याड सहयोग गर्न पाउँदा खुसी लागेको छ ।'

वडाअध्यक्ष न्यौपानेले सामुदायिक रेडियोले सामाजिक उत्तर दायित्व वहन गर्दै सप्ताहव्यापी कार्यक्रमको आयोजना गर्ने गरेकोमा प्रशंसा गरे । मिडिया संकटमा रहेको अवस्थामा पनि सप्ताहव्यापी कार्यक्रमलाई निरन्तरता दिनु कठिन विषय भएको उनको भनाई थियो । रेडियोले सहयोग गरेको सेनेटरी प्याडका कारण विद्यालयका छात्रालाई महिनावारीको समयमा सहज हुने उनको विश्वास थियो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक मालती उप्रेती, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जानुका गिरी, सहायक प्रधानाध्यापक डिबी बर्तौलालगायतको आतिथ्यता रहेको थियो । सप्ताहव्यापी कार्यक्रमअन्तर्गत सोमबार मिडिया कप फुट्सल प्रतियोगिता रहेको छ । २२ गते सप्ताहव्यापी कार्यक्रमको समापन एवम् सामुदायिक सम्मान कार्यक्रम रहेको रेडियो मकवानपुरका स्टेसन म्यानेजर गणेश दर्पण अधिकारीले जानकारी दिए ।

साझाकुरा

## हाम्रो कुरा

# विद्यार्थी मूल्यांकनमा अलमल

विद्यालयस्तरमा पढाई हुने पाठ्यक्रम स्थानीय ज्ञान, सीप, भाषा, संस्कृति, समाजका असल कुरामा सिंगो समाज बुझ्ने खालको हुनुपर्छ । देशभर पढाइने एउटै पाठ्यक्रम हुँदा शिक्षा सिकाइ पाठ्यक्रम केन्द्रित मात्रै हुन पुग्यो । पाठ्यक्रममा जेजे लिखित छ, त्यो मात्रै सिक्नुपर्छ भन्ने कुरा विद्यार्थीको मानसपटलमा विकास भएको छ । पाठ्यपुस्तकमा भएका कुरा मात्रै पाढाए पुग्छ भन्ने मान्यता शिक्षकमा पनि छ । त्यसकारण विद्यार्थीले धेरै कुरा समाजसँग, जीवन र जगतसँग जोड्नै सकेनन् । समाजको बदलिँदो स्वरुपअनुरुप देशको शिक्षाको प्रारुप बदलिँदै जानुपर्ने थियो । तर, हाम्रो देशको शिक्षानीति, पाठ्यक्रम तथा समग्र शिक्षाको प्रारुप अझै पनि पुरानै खालको छ । समाज बदलियो, राज्य संरचना बदलियो, प्रविधिको युग सुरु भयो तर, शिक्षाको प्रारुप परिवर्तन हुन सकेन । संसारमा प्रबिधिले यति धेरै फड्को मारिसकेको छ तर, हाम्रो विद्यालयमा मोवाइल बोकेर गएका विद्यार्थीले सजाय पाइरहेको छ । सरकारी कार्यालयमा १० देखि ४ बजेसम्म सामाजिक सञ्जालको प्रयोग गर्न प्रतिबन्ध लगाउने बहस भइरहेको अवस्थामा सूचनाप्रबिधिमैत्री बनाउने कि ईन्टरनेट कनेक्टिभिटीमै प्रतिबन्ध लगाउने ? भन्ने प्रश्न जटिल बनेको छ ।

अहिले विश्वव्यापीकरणले गर्दा ससाना बालबालिका पनि विश्वमा के भैरहेको छ ? भन्ने कुरा हातहातमा भएका कम्प्युटर, ल्यापटप, मोवाइलबाट घरमै बसेर थाहा पाउन सक्छन् । तर, हाम्रो शिक्षानीति र अभ्यास भने त्यसअनुरुप अघि बढ्न सकेको छैन । हामीसँग पुरानै किसिमको पाठ्यक्रम, केन्द्रिकृत पाठ्यक्रम, पाठ्यपुस्तक र परीक्षा प्रणाली छन् । अहिलेको पुस्ता पुरै स्क्रिनमैत्री बन्दै गएको छ । तर, हामी तीनै बालबालिकालाई प्रबिधिमैत्री बन्नबाट प्रतिबन्ध लगाइरहेका छौं । कतै हामीले ती बालबालिकामाथि अन्याय पो गरिरहेका छैनौं ? यो प्रश्नमा बहस गर्नु जरुरी छ । समयको मागअनुसार हामी चल्नै सकेनौँ कि ? अहिले केही पालिकाले स्थानीय पाठ्यक्रम निर्माण गर्न थालेका छन् । तर, त्यो पनि प्रबिधिमैत्री बन्न सकेको छैन । हाम्रो विद्यालय तहको पाठ्यक्रम कमजोर छ । एउटा पाठ्यक्रमले देशैभरको विद्यार्थीको आवश्यकतालाई सम्बोधन गर्छ भन्ने सोच बिलकुल गलत छ । विद्यालयमा बालबालिकाले केही सिकेको, ज्ञान लिएको जस्तो त देखिन्छ । तर, प्रयोगको सन्दर्भमा भने उदासिन छ । विद्यालय शिक्षाको उद्देश्य भनेको बालबालिकाले आफ्नो वरिपरिका वातावरण बुझ्न सक्ने, समाज बुझ्न सक्ने खालको हुनुपर्छ । हाम्रो शिक्षाले त्यसको केही अंशमा मात्रै काम गरेको छ, जुन पर्याप्त छैन । हाम्रा विद्यालयमा पढ्ने बालबालिकाले वरिपरिको समाज बुझ्न सकेनन् । यो भनेको आफूले पाएको शिक्षाले समाज बुझ्न, समाजलाई विश्लेषण गर्न र समाज रुपान्तरण गर्ने अभियानमा लगाउन नसक्नु हो । राज्यले विद्यालयशिक्षाको उद्देश्य के हो भन्ने कुरा अझै पनि सुनिश्चित गर्न सकेको छैन । यस्तो अवस्थामा हाम्रो शिक्षा कसरी गुणस्तरीय वा प्रभावकारी हुन सक्ला ? हाम्रो शिक्षाको स्तर उकास्न वा विश्वबजारमा प्रतिस्पर्धामा उत्रनसक्ने बनाउन सरकार, शिक्षा मन्त्रालय, पालिका, विश्वविद्यालय सबै संयुक्त योजनाका साथ अघि बढ्नुपर्छ ।

यो साता मनहरी गाउँपालिकाले पालिका भित्रका सबै शिक्षकलाई पाठ्यक्रममा आधारित विद्यार्थी मूल्यांकन गर्ने विषयमा दुई दिनको तालिम संचालन गरेको छ । पाठ्यक्रम विकास केन्द्रले पछिल्ला दिनमा विद्यार्थीले घरमा गरेको कामको पनि मूल्यांकन गरेर प्रयोगात्मक अंक दिने संरचनाको विकास गर्दैछ । ग्रामीण क्षेत्रको एउटा सामान्य विद्यार्थीले एकाबिहानै एक भारी घाँस काटेर घरमा राखेर विद्यालय आएको हुन्छ र उसको परीक्षामा औसत अंक ५० प्रतिशत हुन्छ । अर्को सहरी क्षेत्रको एक विद्यार्थीले घरमा भएको ग्याजेट्स प्रयोग गरेर गुगल सर्च गरी विद्यालयले दिएको सबै गृहकार्य तयार गरेर विद्यालय पुग्छ र वार्षिक परीक्षामा उसको प्राप्तांक सतप्रतिशत आँउछ । राज्यको परीक्षा प्रणालीले ग्रामीण क्षेत्र र सहरी क्षेत्रका विद्यार्थीमा बिभेद गरेको छ । काठमाडौंमा बसेर बनाइएका योजनाले देशको कुनाकन्दराका विद्यार्थीलाई सहज नहुन पनि सक्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ २२ गते मंगलबार ४ फेब्रुअरी २०२५ । षष्ठी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५१, सूर्यास्त ५:४६ । विश्व क्यान्सर दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सञ्चित धन खर्च हुनेछ | **तुला** | : सहमतिका कार्यहरु हुनेछन् |
| **वृष** | : आफन्तले कुरा काट्नेछन् | **वृश्चिक** | : नयाँ कार्य सम्पन्न हुनेछ |
| **मिथुन** | : आत्मविश्वास बढ्नेछ | **धनु** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| **कर्कट** | : आफन्तको सहयोग मिल्नेछ | **मकर** | : सन्तानबाट सन्तोष मिल्नेछ |
| **सिंह** | : मान, प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : विवाद पर्न सक्नेछ |
| **कन्या** | : कार्यमा सफलता मिल्नेछ | **मीन** | : दाम्पत्य सुख मिल्नेछ |

# विकासको हुटहुटीले पहाडी जीवनमा देखिएको हलचल



✍रामचन्द्र उप्रेती

केही दिन पहिले कान्तिपुर टेलिभिजनको समाचारमा रामेछापमा ढिकीजाँतो लोप हुन लागेको छ भनेर चिन्ता व्यक्त गरेको समाचार प्राथमिकताका साथ प्रसारण गरियो । स्थानीय सरकारले यस्तो परम्परा जोगाउन प्रयास नगरेको भनेर त्यही समाचारमा आलोचना समेत गरियो । अहिले पहाडतिर पानी घट्ट मासिदै गएकोमा चिन्ता छ । पहाडमा जग्गा बाँझो हुँदै गएकोमा चिन्ता छ, बस्ती पातलिदै गएकोमा चिन्ता छ । पहाडमा जनसंख्या घटेकोमा चिन्ता छ, विद्यालयमा विद्यार्थी घटेकोमा चिन्ता छ । पहाडमा युवा बस्न नमानेकोमा चिन्ता छ, पहाडमा बस्न योग्य घर खाली हुँदै गएकोमा चिन्ता छ । चिन्ता थरी-थरीका छन् ।

हामी यस्तो चिन्ता गर्नेहरूमध्ये धेरै जना (लगभग सबै) पहाड छोडेर मधेश र मधेश हुँदै काठमाडौं पुगेर उतै बसेका छौं । मधेशको विरासत भएकाहरूले यस्तो चिन्ता गरेको होइन । पहाड छाड्नेहरूमध्ये धेरैले या त आफ्नै पालामा छाडेको हो या त अघिल्लो पुस्तामा छाडेको हो । म आफैं दश वर्षको हुँदा परिवारसँगै पहाड छोडेर मधेश झरेको हुँ । म हाल पूर्वी तराईमा बस्छु । मसँगैका धेरै मानिस काठमाडौं बसाइँ सरेका छन् । मेरो परिवार पहाडबाट झरेर पहिला मोरङको दक्षिणी भेगमा बसेको थियो । त्यहाँ केही वर्ष बसेपछि हाम्रो परिवार अझै सुविधाको खोजीमा भर्खर बनिसकेको पूर्व-पश्चिम राजमार्गको नजिकमा बसाइँ सर्‍यौं । म र मेरो परिवार ४८ वर्षदेखि झापाको मेचीनगरमा बस्छौं ।

नेपालीले पहाड छाडेर बसाइँ सर्न थालेको इतिहास पुरानै हो । २०२० साल पहिले तराईमा औलोको डरले पहाडका मानिस कामको खोजीमा तराईमा आउन डराउने हुनाले भार तको आसाममा जाने चलन थियो । भुटान, सिक्किम, आसाम र बर्मासम्म पुग्ने गरेको अवस्था थियो । योभन्दा बाहिरका देशमा जाने अवस्था नै थिएन । बाहिरी दुनियाँसँग सर्वसाधारणको पहुँच नै थिएन । अमेरिकाको सहयोगमा २०२०-३० मा तराईमा औलो उन्मूलन भएपछि पहाडबाट मानिसको बसाइँसराइ तराईमा तीव्र बन्न पुग्यो । तराईमा बसाइँ सरेका परिवारको जीवन पहाडमा भन्दा राम्रो भएकाले उनीहरू पहाड फर्किएनन् ।

तराईमा पनि पहिला सस्तो खेतीको जग्गा खोज्नेहरू क्रमश: बाटो, स्कूल, अस्पताल, सञ्चार, बजार आदिको सुविधाका लागि आकर्षित हुन थालेपछि दुर्गमबाट सुगम स्थानको खोजी गर्दै बसाइँ सर्न थाले । अलि सुविधा पुगेको ठाउँमा सहज भएपछि मानिसको बसाइँसराइ कम भयो । ती ठाउँमा क्रमश: शहर बन्न थाले । मेरो आफ्नै परिवारको कुरा गर्दा मेरा आमाबाबुको पुस्ता पहिलो पटक २००७ सालको राजनीतिक परिवर्तनमा ज्यान जोगाउन भागेर पूर्वी पहाडबाट पूर्वी तराई झरेका थिए । त्यहाँ औलोको प्रकोपको कारण बस्न सक्ने अवस्था थिएन । त्यो समयको करिब एक वर्षको बसाइँमा तीन ठाउँमा बसाइँ सरेको सुनेको छु ।

पहाडमा केही साम्य भएपछि परिवारका केही सदस्य गुमाएर हाम्रो परिवार फेरि पहाड फर्कियो । हाम्रो परिवारको बाबु पुस्ता २०१८/२० सालदेखि नै पहाड-मधेश आउजाउ गर्न थाल्यो । २०२६ सालमा सपरिवार बसाइँ सरेर तराई झरेको मेरो पुस्ता २०३३ सालसम्म सुगम ठाउँ र सुविधायुक्त जीवनको खोजीमा पटक-पटक बसाइँ सरेको छ । नयाँ ठाउँमा बसाइँ सरेसँगै बस्नका लागि छाप्रो (घर) बनाउनै पर्‍यो । २०३३ सालपछि झण्डै पचास वर्षको यो अवधि हामी आजको मेचीनगरको काँकडभिट्टामा नै छौं । हामी दाजुभाइमध्ये एकभाइ बिर्तामोडमा र एकभाइको परिवार काठमाडौंमा छौं ।

सहज, सुविधायुक्त जीवन र अवसरको खोजीमा बसाइँ सर्ने, हिंड्ने यो परम्परा निरन्तर चलिरहेको छ । मेरो बाबु पुस्ताले पहाड नछोडेको भए मैले छोड्थें । मैले नछोडेको भए मेरो छोराछोरी पुस्ताले छोड्थे । त्यसैले मेरो बुबा पुस्ताले पहाड छोडेकोमा मलाई कुनै पछुतो छैन । त्यति मात्रै होइन तराई झरेपछि पनि सस्तो खेतीको जग्गा छाडेर राजमार्गको नजिक आएकोमा खुसी छु । मैले र मेरो परिवारले खोजेका सुविधा पाएकाले म लगभग पाँच दशकदेखि मेचीनगरमा छु । तर मेरा सन्तति यहीं बस्छन् भन्ने छैन । केही त देशबाहिर नै पुगिसके ।

अब मैले पहाड रित्तिंदै गएकोमा चिन्ता गर्नु सान्दर्भिक हुन्छ कि हुँदैन ? म त एउटा प्रतिनिधि पात्र मात्र हुँ । म जस्ता धेरैको अवस्था यही हो । अब एकछिन चिन्ता भएको विषयमा पसेर हेरौं । पहाडमा ढिकीजाँतो, ओखल, तेल पेल्ने कोल, पेचा, डोको, नाम्लो लोप हुँदै गए, घट्ट मासिए भन्ने विषयमा सोचौं त ! यी साधन लोप भएर त्यहाँको जीवनमा कष्ट थपियो कि सुविधा थपियो ? त्यहाँ बाटो र बिजुली पुग्यो । पुराना साधनको ठाउँ नयाँ साधनले लियो । पहिले हप्ताभरी, दिनभरी लगाएर र कडा श्रम गरेर हुने काम अब केही घण्टामै हुन थाल्यो । त्यसैले ढिकीजाँतो, ओखल, कोल, घट्ट, ढाकर, तोक्मा नचाहिने भयो ।

यी साधनको अभावमा त्यहाँको जीवनमा कष्ट थपियो भने यी साधनको जगेर्ना गर्नुपर्छ । लोप हुन दिनुहुँदैन तर योभन्दा राम्रा साधनमा मानिसको पहुँच पुग्यो र नयाँ साधनले जीवन सहज बनाएको हो भने किन चिन्ता लिनु पर्‍यो ? यस्ता साधनलाई सङ्ग्रहालयमा सुरक्षित गरेर नयाँ पुस्तालाई जानकारी मात्रै गराए पुग्छ । खेती बाँझियो, घर खाली भए, विद्यालयमा विद्यार्थी भएनन् भन्ने सन्दर्भमा सोचौं त ! के पहाडका भीरपाखाको खेती बाँझिएर त्यहाँ अनिकाल वा भोकमरीको समस्या छ ? बस्न योग्य घर खाली भएकाले त्यहाँ बस्ने मानिस ओडारतिर बस्न बाध्य भएका हुन् र ? विद्यालयमा विद्यार्थी घटे भन्दा के त्यहाँका बालबालिका स्कुल जान छाडेका हुन् र ?

जसको खेतबारी बाँझै छ तिनले त्यो खेतबारीमा बगाउने पसिना, गर्ने श्रम जति हो त्यति वा त्योभन्दा कम श्रम गरेर त्यहाँबाट उत्पादन हुनेभन्दा बढी अन्न, खाद्यान्न सहजै किन्न सक्ने अवस्था बनेकाले छाडेको हो । जसका बस्न योग्य घर खाली छन् तिनले त्योभन्दा सुविधायुक्त घरमा बसाइँ सरेकाले वा बस्ने अवस्था भएकाले ती घर खाली भएका हुन् । जसको खेत बाँझै भयो, जसको घर खाली भयो गाउँमा तिनको भन्दा कम पहुँच भएका मानिसले त्यहाँ बस्न र खनजोत गर्न पाएका छन् । जब गाउँमा सबैको हैसियत र पहुँचमा विस्तार हुँदै गयो तब खेतबारी बाँझिन थाले, बस्न योग्य घर खाली हुन थाले ।

विद्यालयमा विद्यार्थी घटेको भन्ने कुरा छ त्यो स्वाभाविक हो । पहिला छोराछोरी स्कुल पठाउने चलन नै थिएन । विकासले गाउँमा स्कुल पुग्यो, चेतनाले छोराछोरी विद्यालय पठाउने अवस्था बन्यो । तर स्कुल पुग्न साना-साना नानीहरूलाई एकघण्टा भन्दा बढी उकालो-ओरालो हिंडेर आउजाउ गर्नुपर्ने अवस्था धेरै ठाउँमा छ । अनि अभिभावकको अवस्थामा अलिकति सुधार आउँदा उनीहरूले अलि राम्रा र सुगम स्थानमा लगेर छोराछोरी पढाउन थालेका छन् । यो विकासले ल्याएको परिवर्तन हो । विद्यालय जाने उमेरका नानीबाबुहरू स्कूल नगएर पहाडका स्कूलमा विद्यार्थी घटेको होइन ।

पहाडमा युवा छैनन्, बस्नै मान्दैनन् भन्ने सन्दर्भमा युवाले भोगेको अवस्था जुन छ त्योभन्दा राम्रो अवसरका लागि पहाडका गाउँ छाडेका हुन् । कोही देशमा छन् कोही विदेशमा । उनीहरूको कमाइ गाउँकोभन्दा बढेको छ । जीवनस्तर उकासिएको छ । शिक्षा, स्वास्थ्य, सञ्चार, आवास, खाद्यान्न आदिमा पहुँच बढेको छ । अब पहाडको विकासको मोडल फेरिनुपर्छ । पुरानो अवस्था फेरिंदै गएको छ र यो फेरिंदै गएको अवस्थाले त्यहाँ जीवन भोगेकाहरूको भन्दा राम्रो जीवन भोग्ने अवसर पाएकाहरूले नै पहाड छोडेका छन् ।

मेरो पुस्ता (६० वर्ष माथिको) का कति मानिस पहाडमा छन् ? जसको जीवनले आर्जेको, भोगेको, सिर्जना गरेको धेरै कुरा पहाडमा थियो र छ । त्यो पुस्तालाई आफ्नो आर्जन र थातथलोको माया छ । त्यहींको धेरथोर आर्जनले छोराछोरीको शिक्षा र भविष्य कोरियो । चिनेजानेका छिमेकी र आफन्तहरू केही छन् । उनीहरू सहजै ठाउँ छाड्न त मान्दैनन् तर पनि यो मेरो पुस्ताका सरदर ३०/३५ प्रतिशत मानिस पहाडमा होलान् । तिनका सन्तान जो आधुनिक शिक्षा शहरमा बसेर लिन पाए, प्रविधिमा धेर थोर पहुँच राख्न पाए । विदेशको सम्भावना देखे त्यो पुस्ता (२०-४०) उमेरका सरदरमा दश-पन्ध्र प्रतिशत होलान् । अर्को बीस-तीस वर्षमा यो पुस्ता बुढ्यौलीमा पुग्छ र नयाँ पुस्ता आउँछ । जुन पुस्ता फर्केर पहाडमा जाने सम्भावना कति प्रतिशतको होला ? यो अनुमान गर्दा पहाड खाली हुनु स्वाभाविक लाग्छ ।

अब पहाडको विकास कसरी गर्ने त्यो सोचौं । पहाडको विकास साविककै मोडलमा हुँदैन । निर्वाहका लागि पहाडमा खाद्यान्नको खेती गर्न सहज छैन । त्यसैले पहाडमा सम्भावना भएको स्थानमा बजारको विकास भइरहेको छ र हुन सक्छ । त्यो शहरलाई चाहिने उपभोग्य समान जता सस्तो पाइन्छ त्यतैबाट किनेर आपूर्ति गर्ने हो । शहर नजिकका गाउँबस्तीमा तरकारी, फलफूल र पशुपालनको व्यवसाय लामो समय चलिरहन्छ । पहाडमा उच्चमूल्यका कृषि उपज जडीबुटी, अलैंची, चिया, काठ, कफी, जुनार, सुन्तला, किवी, ओखर लगायत फलफूल, मौरीपालन आदि गर्न सकिन्छ ।

त्यसैगरी हाइड्रो पर्यटक, साहसिक पर्यटकको सम्भावना विकास गर्न सकिन्छ । धार्मिक पर्यटनको सम्भावना छँदैछ । पहाडमा फैलँदै गरेको जङ्गल, झाडी र त्यहाँ हुने जङ्गली जनावर, चरा आदिको अवलोकन गर्ने, गराउने गरिका पूर्वाधार विकास गरेर पर्यटक आकर्षण गर्न सकिन्छ । नजिकबाट देखिने हिमाल, पहाड, झरना, खोला पर्यटक लोभ्याउने विषय हुन्छन् । यस्तै सुरक्षित पदमार्ग निर्माण गर्न सकिन्छ । यी र यस्ता विषयले फेरि पहाडले पुनर्जीवन प्राप्त गर्न सक्छ । तर मोडल फरक हुन्छ । पहिला जस्तो छरिएको गाउँबस्ती, पातला घर, निर्वाहका लागि खेती होइन । अब ठाउँ-ठाउँमा शहर, बजार र यस्ता स्थानमा सहज यातायात, सञ्चार, होटल, स्कूल, अस्पताल, बिजुली आदि ।

अर्थात् दिगो र भरपर्दो पूर्वाधार सहितको शहरीकरणको विकास अबको पहाडको विकासको मोडल हुनुपर्छ । अबको ४०/५० वर्षमा पहाडको कुन-कुन शहरलाई बेस बनाएर कति दिन घुम्ने, छुट्टी मनाउने भनेर देश र विदेशमा भएका नेपाली एवम् विदेशीले कार्यक्रम बनाउने वातावरण बनाउँ पहाडको विकासमा नयाँ आयाम आउने छ । पहाडको कठिन श्रम, खाद्यान्नको न्यून उत्पादन, अभावको जीवन, सुविधा र पूर्वाधारको अभाव आदि कारणले पहाडमा जीवन पातलिदै गएको हो । यसलाई विकासको स्वाभाविक आयाम मानौं, चिन्ता होइन ।

*(साभार: अनलाइनखबर)*

# निकासी क्षेत्रमा नीति व्यवस्थापन र कार्यान्वयन

✍डा. सुमनकुमार रेग्मी

नेपालमा करिब १०-१० वर्षको अन्तरालमा राजनीतिक परिवर्तन देखा पर्दै आएको छ । १०-१० वर्षबीच नेपालमा राजनीतिक स्थिरता भएको जस्तो देखिन्छ । सन् १९९० को जन-आन्दोलनपछि स्थिरता देखिए पनि सन् २००६ मा परिवर्तन देखा पर्‍यो । सन् २००८ मा त गणतन्त्र आयो । सन् १९९६ देखि १० वर्षसम्म देशमा द्वन्द्वको अवस्था रह्यो । देशमा सन् २००६ पछि सन् २०२४ सकिँदा पनि देशले आर्थिक क्षेत्रसहित अरु क्षेत्रमा गति लिन सकेको छैन । देशमा छोटो-छोटो अवधिमा सरकार परिवर्तनको खेल चलेर आइरहेको छ ।

यस्तो अस्थिरताले देशले आर्थिक विकास गर्न सकेको छैन । आ.व. २०७३/०७४, २०७४/०७५ र २०७५/०७६ मा आर्थिक वृद्धि ६ देखि ७ प्रतिशतसम्म रहन गयो । २०७६/०७७ देखि २०७८/०७९ सम्म त कोरोना-१९ ले अर्थतन्त्रमा असर गर्‍यो । २०७९ पछि २०८१/०८२ आउँदा आर्थिक वृद्धि ३ देखि ४ प्रतिशत हुने अनुमान गरिँदै आएको छ । यी आधारमा निकासी कस्तो छ त ? पाम तेललगायत अरु तेलको दिगो निकास वृद्धिका लागि गुणस्तरीय स्वदेशी उत्पादनको वृद्धि र उद्योग उत्पादन क्षमतामा विस्तार हुनु आवश्यक रहेकाले सरकार यस्ता निकासी वस्तुमा लाग्न नहुने बताइन्छ । नेपालको स्थानीय रैथाने उत्पादित वस्तु पाम तेल भने होइन । नेपालमा भएका रैथाने कच्चा पदार्थमा निकासी वस्तु उत्पादन गरेमा निकासी दिगो हुन्छ । नेपालका रैथाने वस्तुहरुमा ऊन, ढाका कपडा, छाला, जडीबुटी आदि धेरै छन्, भनेर साध्य छैन ।

आ.व. २०८१/०८२ पछि त फलामका वस्तुहरु, अलैंची, गलैंचा, तयारी पोशाक, धागो आदि नयाँ वस्तुले निकासी ओगट्दै जाने देखिन्छ । २०८१/०८२ को पाँच महिनामा निर्यातभन्दा आयात १० गुणा बढी रहेको छ । उक्त तीन महिनामा व्यापार घाटा रु. ५८७ अर्ब, आयात रु. ६६२ अर्ब, वैदेशिक व्यापार रु. ७३५ अर्ब र निर्यात ७३ अर्ब भएको छ । सरकारले देशभित्र उत्पादित वस्तुका निर्यात बढाउन वाणिज्य नीति २०७२, निर्यातमा अनुदान प्रदान गर्नेसम्बन्धी कार्यविधि २०८० निर्माण गरेको छ । तर यसको कार्यान्वन कमजोर रहँदा वैदेशिक व्यापारमा आयात र निर्यातबीच फैसला उच्च रहेको छ । वाणिज्य नीति २०७२ संशोधनको पर्खाइमा छ ।

देशभित्र उत्पादित वस्तुका निर्यात बढाउन वाणिज्य नीति २०७२ संशोधनको पर्खाइमा छ । सरकारले निर्यातमा अनुदान प्रदान गर्नेसम्बन्धी कार्यविधि २०८० निर्माण गरेको छ । तर यसको कार्यान्वयन कमजोर रहँदा वैदेशिक व्यापारमा आयात र निर्यातबीच भिन्नता उच्च रहेको छ । आ.व. २०७८/०७९ मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमश: १५ खर्ब, १६ खर्ब र १७ खर्ब भएको छ । त्यस्तै गरी आ.व. २०७९/०८० मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमश: १४ खर्ब, १६ खर्ब र १७ खर्ब भएको छ । तर आ.व. २०८०/०८१ मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमश: १४ खर्ब, १५ खर्ब र १६ खर्ब भएको छ ।

वि.सं. २१०० सम्म दीर्घकालीन सोच अनुरुप सबै क्रियाकलापहरु निर्देशित हुने भनिएको छ । कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नतिमा जाने हुँदा पर्न सक्ने प्रभाव विश्लेषण गरी आवश्यक रणनीति एवं कार्ययोजना तर्जुमा गरी कार्यान्वयन हुने भनिएको छ । दीर्घकालीन विकास लक्ष्यलाई ध्यानमा राखिने भनिएको छ । नेपालको कनेक्टिभिटी र व्यापार विस्तालाई सघाउ पुग्ने गरी सार्क, बिमस्टेक, बीबीआईएन जस्ता क्षेत्रीय मञ्चहरुमा सक्रिय भूमिका खेलिने भनिएको छ । विश्व शान्ति स्थापनामा योगदान पुर्‍याउन, समान चासो र हितका विषयमा सहकार्य गर्न, विश्वव्यापी महत्वका विषयहरुमा राष्ट्रिय हित अनुकूल हुने गरी भूमिका निर्वाह गर्न एवं आर्थिक तथा सामाजिक विकासमा सहयोग परिचालन गर्न संयुक्त राष्ट्र संघलगायत अन्य बहुपक्षीय मञ्च र संघसंस्थाहरुमा नेपालको उपस्थितिलाई अझ प्रभावकारी र सशक्त बनाइने नीतिगत रहेको अवस्था छ । आ.व. २०८१/०८२ मा गरिने कामहरु नीतिहरुका आधारमा बजेट वक्तव्य, आर्थिक सर्वेक्षण, मौद्रिक नीतिमार्फत सार्वजनिक भएको छ ।

नेपालको २०६७/०६८ देखिको २०७९/०८० सम्मको तेह्रौं, चौधौं र पन्ध्रौं त्रिवर्षीय र पञ्चवर्षीय योजनाले वस्तु निकासीलाई योजना अवधिको अन्तिम वर्षमा लक्षित रकम मूल्यका विन्दुमा पुर्‍याउने अपेक्षित प्रतिफल आशा गरिएको जति विगतमा हुन सकेको देखिँदैन । तर पन्ध्रौं योजनाले यो सफलता हासिल हुन पुगेको छ । यस्तै गरी ती योजनाले वाणिज्य क्षेत्रमा थप रोजगारीको अवसर सिर्जना गर्ने भनिएको थियो । ती योजनाको अन्तिमसम्ममा व्यापार घाटालाई कुल गार्हस्थ्य उत्पादनको निश्चित प्रतिशतबाट लक्षित प्रतिशतमा झार्ने र आयात-निर्यातको अनुपात बढ्न नदिने भनिएको थियो । २०८१/०८२ देखि सोह्रौं योजना आएको छ ।

२०८१/०८२ आउँदा प्रत्येक व्यक्तिको आम्दानी स्तर १३८१ डलर पुगेको छ । देशको आर्थिक समृद्धि हासिल गर्न निर्यात व्यापारलाई अभिवृद्धि गर्ने कार्यमा ल्याउनुपर्दछ । निर्यात व्यापारले रोजगारमा समेत योगदान दिएर गरिबी निवारणमा पनि योगदान दिन सक्छ भन्ने तत्थलाई बिर्सन हुँदैन । व्यापारका विभिन्न नकारात्मक एवं सकारात्मक कानुनी व्यवस्था, योजनागत लक्ष्य, वार्षिक बजेट कार्यक्रम समेट्नुपर्दछ । नेपालका उत्पादनहरु सिमेन्ट, चिनी, साबुन, बियर, चुरोट, जुत्ता र छालाका वस्तुहरु, मोजा, खाद्य तथा परम्परागत एवं नयाँ नगदे कृषि वस्तुहरु, माछा, मासु दूध, अण्डा र अन्य वस्तुहरुका आन्तरिक खपतमा नै सीमित छन् । यस्ता वस्तुहरु बृहत् उत्पादन गरी निकासी बढाउन आवश्यक छ । सरकारको निकासी प्रवर्द्धनात्मक नीति समयसापेक्ष भए पनि वस्तुगत आधारमा निकासीमा वृद्धि हुन सकेको छैन ।

आ.व. २०६७/०६८ देखि नेपाल सरकारले निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि २०७० अनुसार निर्यातमा नगद प्रोत्साहन प्रदान गरिने अवस्थामा थप गरी २०७८/०७९ मा केही वस्तुमा ८ प्रतिशत नगद प्रोत्साहन दिने नीति थियो । निकासीयोग्य वस्तुहरुका गुणस्तरमा सुधार ल्याउन समय-समयमा गुणस्तर परीक्षण गर्नुका साथै सो गर्नको लागि चाहिने आवश्यक कुरा नेपाल व्यापार एकीकृत रणनीतिमा समेटिएको छ ।

**कार्यान्वयन अवस्था :**

माथिका यी आर्थिक सूचकहरुले के नेपालको वास्तविक आर्थिक अवस्था चित्रण गर्दछन् त ? देशमा हरेक वर्ष आन्तरिक बजारमा तरकारी तथा खाद्यान्नमा दुई अंकभन्दा बढीको मूल्य वृद्धि हुँदा नेपाल राष्ट्र बैंकले दिएका आर्थिक सूचकहरु र अर्थ मन्त्रालयका आर्थिक सर्वेक्षणका वार्षिक ४ देखि ८ प्रतिशतका मुद्रास्थिति के वास्तविकभन्दा माथि छन् त ? यस्ता झलकमा अनुसन्धान जरुरी छ र देशको अर्थतन्त्रको वास्तविकता बाहिर निकाल्दै आउनुपर्दछ ।

निकासी क्षेत्रको वृद्धि, विगतमा यसतर्फ गरिएको कम प्राथमिकता र स्पष्ट नीतिको कमीले गर्दा असर गरेको छ । भूपरिवेष्टित देशहरुमध्ये नेपालको आर्थिक गतिविधिको उपलब्धिमा कमजोरी छ । विश्वको निकासी वृद्धिदरको तुलनामा निकासीको वृद्धिमा सबैभन्दा कम भएको छ । त्यसर्थ, नेपालमा निर्यात व्यापार अभिवृद्धिको खाँचो देखिन्छ । निर्यात व्यापार अर्थतन्त्रको मेरुदण्ड हो । निर्यात व्यापारले देशको अर्थतन्त्रलाई डोर्‍याउने काम गर्दछ । यद्यपि नेपालको निर्यात व्यापार पछिल्लो समयमा प्रभावित रहँदै आएको छ । वास्तवमा निकासी प्रवर्द्धनबाट विदेशी मुद्रा बढी आर्जन मात्र नभई अन्य आर्थिक क्रियाकलापहरु पनि बढ्न जान्छन् ।

माथि उल्लिखित कार्यहरु समन्वयात्मक एवं व्यावसायिक तवरले सञ्चालन हुन नसक्नुले नै देशको व्यापार घाटा घट्न नसकेको हो । वैदेशिक लगानीको लागि देशभित्र अनुकूल वातावरणको सृजना गर्न नसक्नु व्यापार घाटाको अर्को कारण हो । व्यापार नीति तथा रणनीतिहरुमा उल्लिखित कार्यहरुलाई छिटो, छरितो र पारदर्शी रुपले सञ्चालन गराउन उदार सरोकार नीतिहरु निर्माण गरी प्रशासनिक प्रक्रियाहरुमा आमूल परिवर्तन गरी अझ उदारता, सरलता र गतिशीलता अपरिहार्य देखिन्छ ।

**चुनौती र समाधानका उपाय :**

नेपालको व्यापार घाटा कम गर्न चालिनुपर्ने उपायहरुमा गुणस्तरयुक्त उत्पादनहरुका लागि अरु थप कार्यक्रम ल्याउनुपर्ने देखिन्छ । अन्य उपायहरुमा निकासी अभिवृद्धिका विकासको लागि वस्तु विकासको विकास कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने, निर्यात क्षेत्रलाई शान्तिक्षेत्र घोषणा गर्नुपर्ने तथा निर्यातजन्य उद्योगहरुमा श्रमसमस्या मुक्त बनाउनुपर्ने, विलासिताका सामग्रीहरुको आयातलाई निरुत्साहित गर्ने, पैठारीमा अग्रस्थानमा रहेका केही वस्तुहरु जस्तै- पेट्रोलियम पदार्थहरु नेपालमा उत्पादन हुन नसक्ने अवस्था विद्यमान रहे तापनि तिनीहरुको उपभोग कम गर्न अन्य वैकल्पिक उपायहरु जस्तै- जलविद्युत्मा आधारित प्रणालीहरुको विकास गर्ने र वैदेशिक लगानीको लागि देशभित्र अनुकूल वातावरण सिर्जना गर्न आर्थिक कूटनीतिलाई व्यापकरुपमा परिचालन गर्नुपर्ने रहेका छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

## इन्टरनेटमा समस्या :

# २ वर्षदेखि ६ अर्ब बढी पैसा नतिरेपछि एयरटेलले काटिदियो नेपालको इन्टरनेट

काठमाडौं/इन्टरनेट ब्याण्डविथबापत २ वर्षको करिब ६ अर्ब बढी रुपैयाँ भारतीय कम्पनी एयरटेललाई भुक्तानी गर्न सरकारले अवरोध गरेका कारण आज इन्टरनेट सेवा प्रदायकहरुले प्रदान गर्ने इन्टरनेट सेवामा देशभर नै समस्या आएको छ । यसको मार देशभरका इन्टरनेट प्रयोगकर्ताले भोग्नु पर्‍यो ।



आइतबार साँझ ८ बजेदेखि देशभरका विभिन्न इन्टरनेट सेवा प्रदायकको इन्टरनेटमा समस्या देखिएको इन्टरनेट सेवा प्रदायक संघ (आइएसपान)का अध्यक्ष सुधीर पराजुलीले जानकारी दिए । उनले संचारकर्मीसँग भने, 'आज साँझ ८ बजेदेखि देशभरका इन्टरनेटमा समस्या आएको हो । किनकी भारतीय इन्टरनेट कम्पनी एयरटेल २ घण्टादेखि डाउन भयो ।'

उनका अनुसार इन्टरनेट प्रयोगकर्ताहरुले वर्ल्डलिंक,सीजी, डिसहोम, सुबिसु, भायनेटलगायतका सेवामा समस्या देखिएको गुनासो गरिरहे । उनले गुनासो गर्दै भने, 'हामीले सरकारले पटक-पटक भनेका थियौं, आग्रह गरेका थियौं । तर दुई वर्ष भइसक्यो । भारतीय कम्पनी एयरटेलको इन्टरनेट ब्याण्डविथ बापतको करिब ६ अर्ब बढी रुपैयाँ तिरेका छैन । त्यसकारण रिसले उसले(एयरटेल) नेपालको इन्टरनेट जतिबेला मन लाग्यो, त्यतिबेला काटिदियो । यसमा हामीले केही भन्नै सकेका छैनौ ।'

आइस्पानका अध्यक्ष पराजुलीले नेपाल ब्याण्डविथ खरिद गर्दा तिर्नुपर्ने पैसा पठाउन ताकेता पत्र पटक-पटक आइसकेको पनि सुनाए । 'भारतीय कम्पनीबाट खरिद गरेको पैसा पठाउन ताकेता पत्र धेरै पटक आइसकेको छ । तर, सरकारले सिफारिस नदिँदा उक्त पैसा बैंकमा अड्किएर बसेको छ ।' अब हुने इन्टरनेट बन्दको जिम्मा सरकारले लिनुपर्ने आइस्पानको भनाइ छ । उनले भने, 'हामीलाई आयकर, रोयल्टीलगायतका करमाथि कर थोपर्ने अनि पैसा पठाउन विदेशी मुद्राको पनि सिफारिस नगर्दा दोधारमा छौं । यसको जिम्मा अब सरकारले लिनुपर्छ ।'

उनले सरकारले इन्टरनेट ब्याण्डविथ खरिदको पैसा तत्काल सिफारिस गरेर सहजीकरण नगरे देशले ठुलो क्षति व्यहोर्नुपर्ने दिन आउन सक्ने चेतावनी दिए । 'अहिले इन्टरनेटबाटै धेरै काम हुने गरेको छ । तर, यही बन्द भए नेपालले ठुलो नोक्सानी व्यहोर्नुपर्न सक्छ भन्न सकिन्न ।'

नेपालमा ७० प्रतिशत ब्यान्डविथ आउने भारतीय कम्पनी एयरटेलले ब्यान्डविथको रकम भुक्तानी नगरे इन्टरनेट बन्द हुन सक्ने भन्दै अध्यक्ष पराजुलीले अविलम्ब विदेशी मुद्रा सटहीको सिफारिस गर्न सरकारसँग आग्रह गरे । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मर्मत सम्भार शीर्षक अन्तर्गतको बेरुजू बक्यौता नतिरेको भन्दै २ वर्षदेखि मुद्रा सिफारिस रोकिदिएको छ । तर, इन्टरनेट सेवा प्रदायकहरूले मर्मत सम्भार दूर सञ्चार सेवा अन्तर्गत नपर्ने अडान राख्दै आएका छन् । उनीहरूले दूर सञ्चार प्राधिकरणले मर्मत सम्भारबाट लिएको शुल्क बाहेकको आम्दानीबाट रोयल्टी र आरटीडीएफ (ग्रामीण दूरसञ्चार विकास कोष) दस्तुर बुझाउँदै आएका छन् ।

उनले प्रश्न गर्दै भने, 'जसमा दूरसञ्चार सेवा शुल्क नै लाग्दैन, त्यस्तो आयमा आरटीडीएफ र रोयल्टी कसरी लाग्छ ?' निजी क्षेत्रलाई दूरसञ्चार क्षेत्र र दूरसञ्चार सेवामा राज्यले आकर्षित गर्नु पर्नेमा उल्टै विभेदकारी नीति अवलम्बन गरेको आईस्पानको आरोप छ । लगानी सम्मेलन समेत नजिक आइरहेको सन्दर्भमा राज्यको विभेदकारी नीति, निजी क्षेत्रलाई गरिने व्यवहार आदिबारे गम्भीर प्रश्न चिन्ह खडा भएको आईस्पानले जिकर छ ।

अदालतको आदेश, संशोधित दूरसञ्चार नियमावली र आर्थिक ऐनले गरेको व्यवस्था, सार्वजनिक लेखा समितिको पटक पटकको प्रतिवेदन लगायतलाई आधार मान्दै सेवाप्रदायकले लामो समयदेखि इन्टरनेट र मर्मत सम्भार छुट्याई बिजक जारी गर्दै आएका छन् । मर्मत सम्भार शुल्कमा रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोष वापतको रकम लगाउन सरकारले दूरसञ्चार ऐन नै परिवर्तन गर्नुपर्ने आईस्पानको भनाइ छ । दूरसञ्चार ऐन २०५३ को दफा २ (घ) तथा दूरसञ्चार नियमावली २०५४ को अनुसूची ६ (क) मा संशोधन गरी मर्मत सम्भारलाई समेत दूरसञ्चार सेवामा सूचीकृत गरेर मात्र मर्मत सम्भार शुल्कमा रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोष वापतको मात्रै रकम लगाउन सक्ने आइएसपानको दाबी छ ।

'निजी दूरसञ्चार सेवाप्रदायकले विदेशी मुद्रा सिफारिस लिन नेपाल दूरसञ्चार प्राधिकरण हुँदै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका र राष्ट्र बैंकसम्मको विदेशी मुद्राको सटहीको स्वीकृति लिनु पर्दछ,' आईस्पानको अध्यक्ष पराजुलीले भने, 'तर सरकारी दूर सञ्चार सेवाप्रदायकले भने सोझै बैंकमा गएर विदेशी मुद्राको सटही गर्नेसक्ने व्यवस्था छ । निजी क्षेत्रलाई कथित बक्यौताका कारण फेसिलिटेसन गरिँदैन । तर सरकारी सेवाप्रदायकको बक्यौताबारे नजरअन्दाज गरे जस्तो देखिन्छ ।'

कानूनमै स्पष्ट व्याख्या हुँदा पनि आवश्यक कार्य नगरी विदेशी मुद्राको सिफारिस रोक्ने, अनुमति पत्र नवीकरण नगर्ने, सेवाप्रदायकहरुलाई 'फेसिलिटेसन' नगर्ने जस्ता कार्य गरी राज्यले अति आवश्यक इन्टरनेट सेवाको संवेदनशीलता नबुझेको भन्दै आईस्पानले डिजिटल नेपाल अभियानको लागि राज्यको भूमिकामाथि नै प्रश्न उठाएको छ ।

यस्तै नेपाल दूरसञ्चार प्राधिकरणले सेवा प्रदायकहरूको लाइसेन्स नवीकरण गरिदिनु पर्ने, इन्टरनेट ब्याण्डविथ खरिद गर्दाको २ वर्षको रकम बुझाउन सिफारिस गर्नु पर्ने तथा रोयल्टी र आयकरमा सहजीकरण गरिदिनु पर्ने आइएसपानको माग रहेको छ ।

(स्रोत: अनलाइनखबर)

# 'एक्टर : टेक वन'को 'जिन्दगी रेल' गीतमा प्रदीपको विलासी जीवन



काठमाडौं/प्राय: फिल्मका गीतहरु प्रदर्शन अगावै सार्वजनिक भइसकेका हुन्छन् । त्यसले फिल्मको प्रचारमा सघाउ पुग्ने विश्वास मेकरहरुमा छ । तर, केही फिल्मको भने कथा खुल्ने डरले प्रदर्शनपछि मात्र गीत सार्वजनिक गरिन्छ । यही सिलसिलालाई पछ्याउँदै शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'एक्टर : टेक वन'को तेस्रो दिन आइतबार नयाँ गीत 'जिन्दगी रेल' युट्युब मार्फत सार्वजनिक गरिएको छ ।

गीतमा आशुतोष उप्रेतीको गायन, किरण थापा मगर र आशुतोष उप्रेतीको शब्द तथा रोहित शाक्यको संगीत छ । किरण थापाको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मको स्टार बन्ने उद्देश्य लिएको एक पात्रको सफलता र प्रेम जीवनलाई देखाइएको छ । अभिनेता प्रदीप खड्काले फिल्म साइन गरेपछि विलासी जीवन बाँचेको देख्न सकिन्छ ।

कानुनी अवरोधका कारण घोषित मितिबाट दुई दिनपछि रिलिज भएको फिल्मले शुक्रबार अपेक्षित व्यापार गर्न सकेन । शनिबार भने फिल्मको व्यापार देशभर सुखद रह्यो । तर, आइतबारबाट व्यापारमा केही गिरावट आएको छ । यद्यपि, 'वर्ड अफ माउथ'को मद्दतमा फिल्मले गति लिनेमा निर्माता आशावादी छन् । फिल्मलाई दर्शकबाट प्रतिक्रिया सकारात्मक मिलेको छ ।

राजन भुसालको निर्देशनमा तयार भएको फिल्ममा प्रदीपसहित आना शर्मा, दिव्या रायमाझी, राजबल्लभ कोइराला, दिव्यदेव पन्त, सृजना अधिकारी, उषा रजक, सुशील सिटौला लगायतको अभिनय छ । आकाश बराल र राजन भुसालको संयुक्त लेखन रहेको फिल्मलाई थमन कुमार भण्डारीले निर्माण गरेका हुन् । फिल्मले आफ्नो पहिचान बनाउन एक पात्रले गरेको संघर्षको कथा भन्छ ।

# 'सारंग'को 'मेरो बाबा मेरो आमा' गीत रिलिज

काठमाडौं/यही माघ २५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'सारंग'को नयाँ गीत सार्वजनिक गरिएको छ । आइतबार सार्वजनिक 'मेरो बाबा मेरो आमा' बोलको गीतमा आयुष गिरी, अनुमा चौधरी र जयन्त माधव बराइलीको गायन, दीपक शर्माको शब्द तथा शंकर थापा (स्माइल)को संगीत छ । मर्मस्पर्शी भावको गीतमा बुबाआमाले सन्तानका लागि गरेको माया, संघर्ष र त्यागको बखान छ ।



गीतको भिडियोमा फिल्मका प्रमुख कलाकारहरु ऋचा शर्मा, उत्पल झा र आदित्य कार्की चित्रित छन् । आदित्यले विद्यालयको अभिभावक दिवसमा गीतमार्फत् बुबाआमाप्रति व्यक्त गरेको भावलाई दृश्यमा उतारिएको छ । भिडियोको अन्तिममा आदित्यले गाएको गीतले ऋचा भावविह्वल भएको देख्न सकिन्छ । फिल्ममा ऋचा आमाको भूमिकामा छिन् ।

कोरियोग्राफरको रुपमा परिचित प्रशान्त तामाङको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा सुरज तमु, समीरमणि दीक्षित, मणि के राई, अनिषा न्यौपाने, निरज ब्ल्याक, विश्व स्याङ्बो, दीपिका थापा, सुमन सागर जंग केसी लगायतको पनि अभिनय छ । फिल्मको काठमाडौंसहित विभिन्न सहरमा थुप्रै च्यारिटी शो भइसकेको छ ।

दर्शन बुद्ध फिल्म्सको प्रस्तुतिमा बनेको 'सारंग'को निर्मातामा प्रेम तामाङ र फूलमाया तामाङ छन् । पुष्पा लिम्बू र बिनु गुरुङ सह-निर्माता रहेको फिल्ममा शंकर थापा 'स्माइल' र नकुल कार्कीको संगीत, सुष्मा राईको कोरियोग्राफी, गोपाल रायको डिओपी र मित्र डि गुरुङको सम्पादन छ । फिल्मले बाल मनोविज्ञान र धनी-गरिबबीचको खाडलको कथा देखाउने निर्देशक तामाङको भनाइ छ ।

# प्रहरीको ३६ रोपनी जग्गा किर्ते गरी झन्डै व्यक्तिको नाममा

काठमाडौं/आफ्नो फाइदाका लागि सरकारी कागजात किर्ते गरी अपराध हुनु नौलो घटना होइन । तर काभ्रेमा किर्ते कागजात बनाई प्रहरी तालिम केन्द्रको जग्गा नै कब्जा गर्ने प्रयास अन्तिम चरणमा पुगेर विफल भएको छ । त्यो घटनामा संलग्न एक स्थानीय बासिन्दा अदालतबाट दोषी ठहर भएका छन् । कीर्ते कागजात बनाएर प्रहरी प्रशिक्षण प्रतिष्ठानको जग्गा नै आफ्नो नाममा सार्न खोज्ने पुस्करबहादुर बस्नेतलाई जिल्ला अदालत काभ्रेले दोषी ठहर गरेको छ । अब हुने सुनुवाइपछि जिल्ला अदालतले उनलाई सजाय निर्धारण गर्नेछ ।



सधैं अरुका उजुरी लिने र अनुसन्धान गर्ने प्रहरी आफैं बस्नेतबाट ठगिएको थियो । बस्नेतले कीर्ते कागजातका आधारमा काभ्रेस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको जग्गा आफ्नो भनी दाबी गरेका थिए । अन्तिम चरणमा पुगेपछि मात्रै उनले कागजात नै कीर्ते गरेको खुलेको हो । तत्कालीन सरकारले १५ साउन २०५२ मा काभ्रे सुन्थानको जग्गा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानलाई दिने निर्णय गरेको थियो । वन क्षेत्रमा पर्ने त्यो जग्गा नामसारी गर्न नमिलेपछि सरकारले भोगचलनका लागि दिने निर्णय गरेको थियो ।

पछि त्यो जग्गामा आफ्नो हक लाग्ने भन्दै स्थानीय पुस्करबहादुर बस्नेतले सर्वोच्च अदालतमा मुद्दा हालेका थिए । सर्वोच्चमा मुद्दा हाल्नुअघि उनले त्यो जग्गा आफ्नो नाममा सार्न मालपोत कार्यालयबाट पटक-पटक प्रयास गरेको खुलेको छ । उनको दाबी अनुसार माघ, २०३७ मा बाबुको मृत्युपछि आफू नाबालिग भएको अवस्थामा दाजु दुर्गाबहादुरको नाममा जग्गा नामसारी भयो । दुर्गाबहादुरको निधनपछि नि:सन्तान भाउजुको नाममा लालपुर्जा बन्यो । नि:सन्तान भाउजुले अरुलाई जग्गा दिन खोजेको तर आफूले अंश नपाएको भन्दै पुस्करले जिल्ला अदालतमा मुद्दा हाले । जिल्ला अदालतको आदेशबाट १२ रोपनी जग्गा उनले आफ्नो नाममा सारि सकेका थिए । त्यही आधार देखाउँदै उनले थप ३६ रोपनी जग्गा छुटदर्ता हुनुपर्ने माग राखी मालपोत कार्यालयमा निवेदन दिए । मालपोत कार्यालयले निवेदन दर्ता गर्न अस्वीकार गर्‍यो । मालपोत कार्यालयको निर्णय विरुद्ध उनी सर्वोच्च अदालत गएका थिए ।

सर्वोच्च अदालतले विपक्षी बनाइएका निकायहरुलाई जग्गाबारे विवरण खुलाई पठाउन 'कारण देखाउ आदेश' जारी गर्‍यो । मुखिया पदबाट सरकारी जागिरमा प्रवेश गरेका बस्नेत त्यतिबेला जिल्ला मालपोत कार्यालय काभ्रेमा कार्यरत थिए । त्यहीं भएको मौकामा उनले कागजात केरमेट र फेरबदल गरिदिएका थिए ।

नापी कार्यालयले अदालतमा पठाएको कागजातमा उक्त जग्गा वन क्षेत्रभित्र पर्छ भनेर लेखेको थियो । तर स्रेस्ता किताबमा त्यसलाई काटियो र ती कित्ताहरु वन क्षेत्रभित्र नपर्ने भनी रातो मसीले जग्गाको लगत अंक र अक्षर केरमेट भयो । बस्नेतले वन कार्यालय काभ्रेका तत्कालीन फरेष्टर बेचन चौधरीको नामको नक्कली हस्ताक्षर गरे अनि ठाँउ-ठाँउमा मिति फेर बदल गरी हस्ताक्षर गरे ।

त्यतिञ्जेलसम्म प्रहरीले उनी मालपोत कार्यालय काभ्रेमा कार्यरत थिए भन्ने पत्तो पाएको थिएन । आफ्नो प्रशिक्षण प्रतिष्ठानको जग्गा नै व्यक्तिको नाममा दर्ता हुने अवस्था भएपछि प्रहरीले खोजबिन गर्न थाल्यो । त्यस क्रममा बस्नेतले मालपोत कार्यालयमा बस्दा नै पदको दुरुपयोग गरी कागजात सच्याएको र कीर्ते विवरण पठाएको खुल्यो ।

गडबड गरेको शंकाको बीच प्रहरीले बस्नेतको घरमा खानतलासी गर्‍यो । केही कागजात बरामद पनि भयो । बरामद भएको कागजातका आधारमा उनले फिल्डबुक फेरबदल गरेको भेटियो । छानबिन हुँदा उनले पहिले नै परिवारबाट अंश लिइसकेको खुल्यो ।

प्रहरीले वन कार्यालयका रेन्जर बेचन चौधरीलाई खोजेर केरकार गर्‍यो । उनले त्यो जग्गा वनक्षेत्रकै रहेको र आफूले त्यस्तो प्रतिवेदन नदिएको बताए । परीक्षण गर्दा हस्ताक्षर कीर्ते भएको खुल्यो । प्रहरीको टोली स्थलगत सर्वेक्षणका लागि काभ्रे पुग्यो । उक्त टोलीले त्यो जग्गा वनक्षेत्रमै रहेको र सरकारले भोगचलनका लागि प्रहरी प्रशिक्षण प्रतिष्ठानलाई दिएको भनी प्रतिवेदन दियो ।

एउटा व्यक्तिले कीर्ते कागजातको भरमा झन्डै ठगेको घटनामा प्रहरी प्रशिक्षण प्रतिष्ठान नै पीडित बनेको थियो । महाराजगञ्जस्थित प्रतिष्ठानले बस्नेतमाथि कीर्ते को आरोपमा कारबाही गर्न जाहेरी दियो अनि काभ्रे प्रहरीले औपचारिक अनुसन्धान अघि बढाएको हो ।

अनुसन्धानपछि प्रहरीले पुस्करबहादुर बस्नेतले कीर्ते कागजातको भरमा मुद्दा हालेको र सरकारी जग्गा आफ्नो नाममा ल्याउन प्रयास गरेको निष्कर्ष निकाल्यो । बस्नेतले आफू मालपोत कार्यालयमा रहँदा अरु कर्मचारीहरु समेतको मिलेमतोमा फिल्डबुक र अरु किताबमा विवरण कीर्ते गरेको आरोप लगायो ।

प्रहरीले आरोपपत्रमा भनेको थियो, 'अर्काको स्वामित्वको जग्गालाई आफ्नो नाममा दर्ता गरी सरकारलाई हानि-नोक्सानी पुर्‍याउने र आफूलाई लाभ पुग्ने गरी निज र अन्य व्यक्ति समेतको मिलेमतोमा कागजातमा कीर्ते भएको देखियो ।'

प्रहरीले बस्नेतविरुद्ध लिखत सम्बन्धी कसुर (सरकारी छाप दस्तखत कीर्ते)को आरोपमा २७ मंसिर २०८० मा मुद्दा दायर गरेको थियो । त्यही मुद्दाको सुनुवाइपछि गत शुक्रबार बस्नेत दोषी ठहर भएका हुन् । पुस्करबहादुर बस्नेतले दायर गरेको मुद्दा भने २३ माघ, २०८० मा सर्वोच्च अदालतले खारेज गरिसकेको छ ।

२०६० सालमा एक/डेढ लाख रुपैयाँ प्रतिरोपनीका दरले प्रहरीले प्रशिक्षण प्रतिष्ठान बनाउन जग्गा किनेको कागजातबाट देखिन्छ । त्यसपछि बढेको सशस्त्र द्वन्द्वका कारण काठमाडौं उपत्यकामा जग्गाको मूल्य बढ्यो । जग्गाको भाउ बढेपछि प्रहरी प्रशिक्षण केन्द्रलाई जग्गा बेचेकाहरुले पुरानो बिक्री रद्द गरी नयाँ मूल्यमा जग्गा बेच्न अनेक प्रयास गरेको देखिन्छ । त्यस्तैमध्येको एक प्रयास करिब १५ वर्षपछि विफल भएको देखिन्छ ।

पनौती-११ का सन्तोष सापकोटा लगायत ७ जनाले आफूलाई थाहै नदिई आफ्नो अंश समेतको जग्गा घरमुलीले प्रहरी प्रशिक्षण प्रतिष्ठानलाई बेचेको भनी किनबेच बदर हुनुपर्ने माग राखी २०६५ सालमा मुद्दा हालेका थिए । जिल्ला र पुनरावेदन अदालतले उनीहरुकै पक्षमा फैसला गरेको थियो ।

त्यो फैसला कायम भएको भए र त्यतिबेलाको किनबेच बदर हुन्थ्यो भने प्रहरी प्रतिष्ठानले अहिलेको मूल्य अनुसार जग्गा किन्नुपर्ने अवस्था आउँथ्यो । तर सर्वोच्च अदालतले ९ असोज, २०८० मा उक्त जग्गा प्रहरी प्रशिक्षण प्रतिष्ठानकै हुने भनी त्यतिबेलाको किनबेच कानुनसम्मत हुने फैसला गरेको थियो ।

(स्रोत: अनलाइनखबर)

# श्रीमानबाट अलग भएकी हुन् अरुणिमा ?

काठमाडौं/यतिबेला चर्चित गायिका एलिना चौहानले श्रीमानसँग डिभोर्सका लागि अदालतमा मुद्धा दायर गरेको विषय चर्चामा रहँदा अभिनेत्री अरुणिमा लम्सालको पनि घरबार बिग्रिएको खबरले फिल्मवृत गर्माएको छ । यसको मुख्य कारण हो, उनले श्रीमान् र विवाहका सम्पूर्ण तस्वीर सामाजिक सञ्जालबाट हटाउनु । गत भदौ ३ गते सुनसरी निवासी युवराज श्रेष्ठसँग उनले लगनगाँठो कसेकी थिइन् ।



उनले विवाहपछि फेसबुक र इन्स्टाग्राममा श्रीमानसँगका तस्वीरहरु पोस्ट गरेकी थिइन् । अहिले ती कुनै तस्वीर उनको सामाजिक सञ्जालमा भेटिँदैन । गत तीजमा सिन्दूर र पोते लगाएर खिचेको तस्वीर समेत उनले हटाएकी छन् । न त युवराजलाई इन्स्टाग्राममा फलो गरेकी छन् । यसबाट पनि अरुणिमाको वैवाहिक सम्बन्ध बिग्रिएको प्रष्ट बुझ्न सकिन्छ ।

युवराजले भने विवाहको तस्वीर फेसबुक र इन्स्टाग्रामबाट हटाएका छैनन् । दुवैतिर उनको प्रोफाइलमा अरुणिमासँगको विवाहको तस्वीर देख्न सकिन्छ । गत भदौमा उनीहरुले सुनसरी जिल्ला अदालतमा कोर्ट म्यारिज गरेर काठमाडौंको बत्तीसपुतलीस्थित राम मन्दिरमा हिन्दू परम्पराअनुसार विवाह गरेका थिए । यसपछि उनीहरुले एक टिभीमा अन्तर्वार्ता समेत दिए ।

विवाहको साता दिनपछि अरुणिमा अमेरिका उडेकी थिइन् । उनी कागजपत्र मिलाएर श्रीमानलाई अमेरिका तान्ने तयारीमा थिइन् । तर, अब सम्बन्ध नै बिग्रिएको चर्चा छ । बुझिएअनुसार अरुणिमाले अमेरिकाबाटै डिभोर्स फाइल गरिसकेकी छन् । युवराजसँग दोस्रो विवाह गरेकी उनको पहिलो श्रीमान् अमित अर्यालसँग २०७४ सालमा डिभोर्स भएको थियो । उनको एक छोरी छिन् ।

कुनै समय नेपाली फिल्ममा अरुणिमाको राम्रो करिअर थियो । आफ्नो सक्रिय करिअरमा 'धड्कन, 'अग्नी ज्वाला', 'सन्तान', 'जीवन रेखा', 'भरोसा', 'अभिमन्यू', 'इन्द्रेणी', 'के यो माया हो' जस्ता ५० बढी फिल्ममा काम गरेकी उनी एक दशकदेखि अमेरिकामा बस्दै आइरहेकी छन् । १० वर्षपछि उनले अमेरिकामै बनेको वेब सिरिज 'घर बट इन अमेरिका'बाट अभिनयमा कमब्याक गरेकी छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# महँगी ५ प्रतिशत माथि उक्लियो, कुन प्रदेशमा कति ?



काठमाडौं, २० माघ/ महँगी ५ प्रतिशत माथि उक्लिएको छ । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको तथ्यांक अनुसार महँगी उक्लिएको देखिएको हो । पुस २०८१ मा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.४१ प्रतिशत छ । अघिल्लो वर्ष सोही महिनामा ५.२६ प्रतिशत थियो ।

पुसमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.६७ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.१९ प्रतिशत छ । अघिल्लो वर्षको तुलनामा यो वर्ष मुद्रास्फीति बढेको छ । पुस २०८० मा खाद्य तथा पेय पदार्थमा ५.७५ प्रतिशत र गैरखाद्य तथा सेवा समूहमा ४.९३ प्रतिशत मुद्रास्फीति थियो ।

पुसमा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत तरकारी उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक २८.५२ प्रतिशत, घिउ तथा तेल १०.६७ प्रतिशत, दाल तथा गेडागुडी ९.४८ र खाद्य तथा खाद्यजन्य पदार्थको ७.२३ प्रतिशतले बढेको छ ।

त्यस्तै मरमसला उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ३.१२ प्रतिशतले घटेको राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

गैरखाद्य तथा सेवा समूह अन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ९.३५ प्रतिशत, मदिराजन्य पेय पदार्थको ७.०१, कपडाजन्य तथा जुत्ताचप्पल ६.७५ र फर्निसिङ तथा घरायसी उपकरणको ५.२९ प्रतिशतले बढेको छ ।

**सहरभन्दा गाउँमा महंगी धेरै**

पुसमा विवरण हेर्दा सहर भन्दा ग्रामीण क्षेत्रमा उपभोक्ता मूल्य सूचकांक धेरै देखिएको छ । राष्ट्र बैंकले सार्वजनिक गरेको विवरण अनुसार ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ५.६८ प्रतिशतले बढेको छ भने सहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ५.३१ प्रतिशत बढेको छ ।

**कुन प्रदेशमा कति मूल्यवृद्धि ?**

प्रदेशगत हेर्दा मूल्यवृद्धि सबैभन्दा धेरै कोशीमा छ । पुसमा कोशीको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६.७३ प्रतिशत छ । यस्तै मधेशको ५.९६ प्रतिशत, बागमती ५.१४, गण्डकी ४.३७, लुम्बिनी ४.८३, कर्णाली ४.६० र सुदूरपश्चिम प्रदेशको ५.६७ प्रतिशत छ । काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.०३ प्रतिशत, तराई ५.६०, पहाड ५.४१ र हिमालको ५.२७ प्रतिशत छ ।

**थोक मूल्यवृद्धि पनि बढ्यो**

पुसमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ४.०१ प्रतिशत रहेको छ । अघिल्लो वर्ष सोही महिना यस्तो मुद्रास्फीति ३.३६ प्रतिशत थियो । पुसमा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पूँजीगत वस्तुको वार्षिक बिन्दुगत थोक मुद्रास्फीति क्रमश: ६.९२, २.५५ र ३.१४ प्रतिशत छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मुद्रास्फीति ४.२८ प्रतिशत घटेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# भीरबाट लडेर एकको मृत्यु, एक घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ मकवानपुरको राक्सिराङ गाउँपालिका-४, जैसिङतालस्थित सचत्री सडकखण्डमा रहेको करङभीरबाट लडेर एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा पर्साको पटेर्वा सुगौली गाउँपालिका-३, ठुलोदेवली बस्ने वर्ष ४२ को राजकपुर चौधरी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । प्रहरी नायव उपरीक्षक अर्यालका अनुसार, शनिबार राति ९ बजेको समयमा यो बाटोबाट अन्दाजी ७० मिटर तल भिरमा खस्नगई उनी गम्भीर घाइते भएका थिए ।

घाइते उनलाई तत्काल उद्दार गरी उपचारको लागि हेटौंडा अस्पताल ल्याइएको थियो । उनको अस्पतालमा उपचारको क्रममा आइतबार बिहान सवा १ बजेको समयमा मृत्यु भएको प्रहरी नायवउपरीक्षक अर्यालले बताए । मृतक चौधरीको शव पोष्टमार्टमको लागि हेटौंडा अस्पतालको शवगृहमा राखिएको र प्रहरीले घटनाको बारेमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

यसैगरी मकवानपुरको कैलाश गाउँपालिकाकी ३७ वर्षीया माइलीमाया घलान भिरबाट लडेर गम्भीर घाइते भएकी छिन् । आइतबार बिहान ९ बजेको समयमा कैलाश गाउँपालिका-९, दमारढुंगाकी माइलीमाया घरबाट उत्तरतर्फको भिरमा घाँस काट्ने क्रममा १५० मिटर तल खसेर गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । टाउको र शरीरको विभिन्न भागमा गम्भीर चोट लागेकी माइलीमायाको हेटौंडास्थित मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको छ ।

# क्यान इन्फोटेक माघ २४ गतेदेखि, स्मार्ट दियोबाट उद्घाटन गरिने

काठमाडौं, २० माघ/ यसवर्षको क्यान इन्फोटेक माघ २४ गतेदेखि हुने भएको छ । कम्प्युटर एशोसिएसन नेपाल (क्यान) आइतबार पत्रकार सम्मेलन गरी मेलाबारे जानकारी गराएको हो ।

क्यान इन्फोटेक माघ २४ देखि माघ २८ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा हुनेछ । क्यान महासंघले आयोजना गर्ने मुलुककै ठूलो सूचना प्रविधिसम्बन्धी प्रदर्शनी क्यान इन्फोटेक २०२३ को तयारी अन्तिम चरणमा पुगेको महासंघका अध्यक्ष सुनैना पाण्डे घिमिरे बताइन् । 'क्यान इन्फोटेकमा सूचना सञ्चार प्रविधि क्षेत्रका भित्रिएका नवीनतम प्रविधि तथा सेवाको विशेष प्रदर्शनी तथा सरोकारवालाहरुबीच गहन छलफल हुनेछ,' आइतबार आयोजित पत्रकार सम्मेलनमा उनले भनिन्।

उनका अनुसार यस पटकको क्यान इन्फोटेकको उद्घाटन स्मार्ट दियोबाट गरिने प्रबन्ध मिलाइएको छ । ३०औं क्यान इन्फोटेकको टाइटल स्पोन्सरमा एचएमसी नेपाल हिक्सेमी र सह-शीर्ष प्रायोजकमा मर्कन्टाइल अफिस सिस्टम रहेका छन् । प्रायोजनका आधारमा यस बृहत् सूचना सञ्चार प्रविधि प्रदर्शनीको आधिकारिक नाम 'एचएमसी नेपाल हिक्सेमी क्यान इन्फोटेक २०२५ इन एसोसिएसन विथ मर्कन्टाइल अफिस सिस्टम रहेको छ ।

क्यान इन्फोटेक २०२५ को गोल्ड स्पोन्सरमा नेबुला मोबिलिटी प्रा. लि. (गोगोरो), सिल्भर स्पोन्सर हरूमा एस-पावर बीपीई प्रा. लि. र अनलिमिटेड टेक्नोलोजी प्रा. लि (ज्याप) रहेका छन् । यस्तै क्यान महासंघका उपाध्यक्ष चिरञ्जीवी अधिकारीले क्यान इक्स्पो आइडिया, स्टार्टअप र इन्नोभेसन एक्स्पो भएको बताए । उनले भने, ' क्यान इन्फोटेक केव ब्राण्ड मात्रै होइन, यो आइडिया, स्टार्टअप र इनोभेशन एक्स्पो पनि हो।'

*(स्रोत: अनलाइनखबर)*

# लागूऔषध सहित दुईजना पक्राउ





साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ मकवानपुर प्रहरीले अवैध लागूऔषधसहित दुईजनालाई पक्राउ गरेको छ । हेटौंडाको दुई छुट्टाछुट्टै स्थानबाट लागऔषधसहित दुईजनालाई पक्राउ गरेको मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

१४ किलो ९१० ग्राम लागूऔषध गाँजासहित त्रिभुवन राजपथ सडकखण्डअन्तरगत हेटौंडा उपमहानगरपालिका-२, चौकीटोलबाट एकजनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा मकवानपुर को कैलाश गाउँपालिका वडा नम्वर ९ नामटार बस्ने वर्ष ४५ को राजकुमार मोक्तान रहेका छन् । उनलाई प्रहरीचौकी चौकीटोल, मकवानपुरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।

प्रहरी नायवउपरीक्षक अर्यालका अनुसार, भैंसेबाट हेटौंडातर्फ आउँदै गरेको ना. २८ प १२११ नं. को स्कुटरलाई रोकी चेकजाँच गर्ने क्रममा स्कुटरचालक मोक्तानको साथबाट गाँजा बरामद भएपछि निजलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीमाथि जिल्ला अदालत मकवानपुरबाट ५ दिनको म्याद थप अनुमति लिई अनुसन्धान कार्य अगाडि बढाइएको छ ।

यस्तै, प्रहरीले हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङ घरभई हाल हेटौंडा-२ चौकीटोल बस्ने ३५ वर्षीय सोमनाथ फुँयाललाई लागूऔषधसहित पक्राउ गरेको छ । प्रहरीले लागूऔषध ओनरेक्स ६४ बोतलसहित फुँयाललाई पक्राउ गरेको प्रहरी नायवउपरीक्षक अर्यालले बताए । फुँयाललाई मकवानपुरबाट खटिएको प्रहरीटोलीले पक्राउ गरेको हो । पक्राउ परेका उनीमाथि जिल्ला अदालत मकवानपुरबाट ५ दिनको म्याद थप अनुमति लिई अनुसन्धान कार्य अगाडि बढाइएको प्रहरी नायवउपरीक्षक अर्यालले बताए ।


**यही माघ १७ गतेदेखि सञ्चालन हुँदैछ**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।




"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


"आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो"

# हार्दिक समवेदना



जन्म:
१९८७ असार ०६ गते

स्वर्गारोहण:
२०८१ माघ १६ गते

**स्व: देवीध्वज कार्की**

यस संस्थाका सल्लाहकार श्री देवेन्द्रध्वज कार्कीको पुजनीय पिता **देवीध्वज कार्की**को असामयिक स्वर्गारोहण भएकोमा हामी ज्यादै मर्माहत् भएका छौं । शोकको यस घडिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

विजय सागर श्रेष्ठ (अध्यक्ष)

*एवम्*

**मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि., परिवार**

हेटौंडा-४, स्कूल रोड

हेटौंडा उपमहानगरपालिका
**८ नं. वडा कार्यालय**
कमाने, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**आदरणीय सवै वडावासीहरुमा जानकारीको लागि अनुरोध !**

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि ब्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धि ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि यो वडा तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आफ्नो तर्फबाट सचेत भई अरूलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानून बिरूद्धका कार्यहरू भए गरेमा कानून बमोजिम भइजाने ब्यहोरा पनि जानकारी गराइन्छ ।

बागमती प्रदेश
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**
हेटौंडा, नेपाल

**एच.पी. भी. खोप सम्बन्धि जनहितमा जारी संदेश !**

नेपालमा हरेक दिन चार जना महिलाहरुको पाठेघरको मुखको क्यान्सर बाट मृत्यु हुन्छ भन्ने तथ्यांक छ महिलाहरुमा विभिन्न क्यान्सर मध्ये पाठेघरको क्यान्सर महिलाहरुको मृत्युको प्रमुख कारण हो तर किशोरावस्थामै पाठेघरको मुखको क्यान्सर बिरुद्दको खोप लगाई यो रोगबाट बचाउन सकिन्छ त्येसैले नेपाल सरकारद्वारा यहि मिति २०८१ माघ २२ गते देखि फाल्गुन ०६ गते सम्म एच.पी.भी. खोप संचालन हुँदैछ । मकवानपुर जिल्ला स्थिति १० वटै स्थानीय तह अन्तर्गत बिद्यालय लक्षित खोप केन्द्र बाट २०८१ माघ २२ गते बाट माघ २८ गतेसम्म एच.पी.भी. खोप संचालन हुदैछ । यस एच.पी.भी. खोप अभियानमा कक्षा ६ देखि कक्षा १० सम्म अध्यन गर्ने छात्राहरु र विद्यालय नजाने १० बर्ष देखि १४ बर्ष सम्मका किशोरीहरुलाइ एच.पी. भी. खोप लागाइदै छ । त्यसैले आृनो नजिकैको बिद्यालय वा तपाइको नानि अध्यन गर्ने बिद्यालयमा यो खोप कहिले संचालन हुदैछ जानकारी लिनुहोस् र आफ्नो नानीले यो खोप लिए/नलिएको सुनिस्चित हुनुहोस याद गर्नुहोस माघ २२ गते बाट माघ २८ गते सम्म एच.पी.भी. खोप लागाइदै छ । अभियानको अन्तिम दिन तपाइको नजिकको स्वास्थ्य संस्था बाट समेत यो खोप संचालन हुदैछ । यो खोप महिनाबारीको समयमा समेत लगाउन सकिन्छ अर्थात यस खोपले महिनावारीमा कुनै असर गर्दैन । एच.पी.भी. खोप अभियानको सम्बन्धमा कुनै जिज्ञासा भएमा नजिकैको बिद्यालय, स्वास्थ्य संस्था स्वास्थ्यकर्मी वा म.स्वास्थ्य सयम सेविकासँग जानकारी लिन सकिन्छ भने नि:शुल्क कल सेन्टर १११५ बाट समेत जानकारी पाउन सकिन्छ । बिद्यालय नजाने १० बर्षदेखि १४ बर्ष सम्मका किसोरिहरु यो खोप बाट छुटन नदिन सहयोग गरिदिनुहन अनुरोध छ । खोप लगाएसंगै सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौ साथै यो एच.पी.भी. खोप आगामी आ.व. देखि नियमित रुपमा समेत संचालन हुनेछ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना